सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ अंक : ३२९ २०७९ साल, भाद्र १३ गते सोमबार, Monday 29 August, 2022 मूल्य रू. ५/- पृष्ठ : ४

## राष्ट्रपति विद्यादेवी भण्डारीविरुद्ध प्रदर्शन




जनकपुरधाम, १२ भदौ ।
नागरिकता विधेयक प्रमाणीकरणको माग गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीविरुद्ध तराई मधेस लोकतान्त्रिक पार्टीले आइतबार जनकपुरमा विरोध प्रदर्शन गरेको छ। जनकपुरधामस्थित जनक चोकमा तमलोपा धनुषाले 'विभेदी मानसिकताको खोल पोल' भन्दै नागरिकता विधेयक प्रमाणीकरण गर्न दबाब दिने उद्देश्यले विरोध प्रदर्शन गरेको छ।

राष्ट्रपति विद्यादेवी भण्डारी एमालेको कार्यकर्ता बनेको आरोप लगाउँदै तमलोपाका कार्यकर्ताहरूले उनको विरोधमा चर्का नाराबाजी समेत गरेका छन्। तमलोपाकी नेतृ विभा ठाकुरले पछिल्लो पटक जस्तै यस पटक पनि राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक प्रमाणीकरण गर्दैन भने आफूहरूलाई शंका लागेको कारण आन्दोलन गर्नु परेको बताइन्। उनले यसपटक पनि प्रकाणिकरण भएन भने कडा रुपमा आन्दोलन गर्ने चेतावनी समेत दिइन्।

## बारामा कुन निर्वाचन क्षेत्रमा कति मतदाता छन् ?

बारा, १२ भदौ ।
आसन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनमा बारामा ४ लाख ३६ हजार ६५३ जना मतदाताले मतदान गर्न पाउने भएका छन्। पछिल्लो तथ्याक्तअनुसार ४ वटा प्रतिनिधिसभा सदस्य र ८ वटा प्रदेशसभा सदस्य निर्वाचन क्षेत्रमा ४ लाख ३६ हजार ६५३ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय बाराले जनाएको छ। जिल्लाको निर्वाचन क्षेत्र नं १ (क) मा ६६ हजार ३५०, सोही निर्वाचन क्षेत्रको (ख) मा ५३ हजार ९७७, क्षेत्र नं २ (क) मा ५२ हजार ८२०, निर्वाचन २ (ख) मा ५२ हजार ९५० मतदाता रहेका छन्। त्यसैगरी निर्वाचन क्षेत्र नं ३ (क) मा ५३ हजार २१९, ३ कै (ख) मा ५० हजार ६०६ र निर्वाचन क्षेत्र नं ४ (क) मा ५१ हजार १ र सोही निर्वाचन क्षेत्रको (ख) मा ५५ हजार ७३० मतदाता रहेको जिल्ला निर्वाचन कार्यलय बाराका सूचना अधिकारी राजेन्द्रबहादुर दासले जनाएका छन्। ४ वटा संघ र ८ वटा प्रदेशसभा सदस्य तर्फको निर्वाचन क्षेत्रमध्ये सबैभन्दा धेरै क्षेत्र नं १ मा एक लाख २० हजार ३२७ मतदाता रहेका छन्। त्यसपछिको दोस्रोमा निर्वाचन क्षेत्र नं ४ पर्दछ जसमा १ लाख ६ हजार ७३१ मतदाता रहेका छन्। क्षेत्र नं २ र ३ मा भने मतदाता संख्या २ हजारको मात्रै अन्तर छ। जिल्लाको १६ वटा स्थानिय तहको ४ वटा संघिय निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं १ मा कोहल्वी नगरपालिका को १० वटा वडासहित बारागढी, आर्दशकोतवाल, निजगढ, र सिम्रौनगढ नगरपालिकाको सम्पूर्ण वडाहरू पर्दछ। त्यसैगरी निर्वाचन क्षेत्र नं २ मा कोहल्वी नगरपालिकाको वडा नं ८ सहित महागढीमाई, पचरौता नगरपालिका,

(बाँकी तेश्रो पेजमा)

## विद्यार्थीबाट चर्को शुल्क असुल गरिएको विषयमा अनुगमन हुने

काठमाडौं, १२ भदौ ।
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विद्यालयहरूले कक्षा ११ र अन्य तहका विद्यार्थीहरुलाई चर्को शुल्क लिएको विषयमा सरकारले अनुगमन गर्ने बताएका छन्। आइतबार नेपाली विद्यार्थी संघले समग्र शैक्षिक विकासका लागि तात्कालिक तथा संरचनागत समस्या सम्बोधन गर्न मागसहितको ज्ञापन–पत्र बुझ्ेप्रश्चात मन्त्री पौडेलले यस्तो बताउनु भएको छ।

मन्त्री पौडेललाई विद्यार्थी संघले २९ बुँदे मागसहित ज्ञापन पत्र बुझाएको छ। मन्त्री पौडेलले संघको ज्ञापन पत्रमा माग गरिएको पछिल्लो समयमा विद्यालयहरूले विद्यार्थी भर्नामा चर्को शुल्क लिएको विषयमा अनुगमन गर्ने तयारीमा रहेको बताउनु भयो। सेही प्रशंगमा उहाले संघले उच्च शिक्षामा पनि बेथिति रहेको सुझाव दिएको भन्दै उच्च शिक्षामा रहेका समस्या समाधान गर्न मन्त्रालय गम्भीर रहेको बताउनु भयो।

मन्त्री पौडेलले उच्च शिक्षामा विदेशका विश्व विद्यालयहरूबाट मान्यता प्राप्त भएर विद्यालय सञ्चालन भए/नभएको अनुगमन गरी छानबिन गर्ने बताउनु भयो। उहाले छात्रवृत्तिको विषयमा लक्षित विद्यार्थीहरुले नपाएको धेरै गुनासो आएकाले छात्रवृत्तिमा पनि लक्षित विद्यार्थीहरुको पाए/नपाएको छानबिन समेत गरिने बताउनु भयो।

त्यस्तै नेविसंघका अध्यक्ष दुजाङ शेर्पाले भर्खरै सम्पन्न एसईई परीक्षा उत्तिर्ण भएर कक्षा ११ मा भर्ना भएका विद्यार्थीको विद्यालयहरूले भर्ना शुल्क ५० प्रतिशत छुट गर्न माग गरे। उनले कोरोना महामारीको मारमा परेका विद्यार्थीका अभिभावकलाई विद्यालयहरूको भर्ना शुल्कको नाममा लुट्ने काम गरेको दाबी गरे। शेर्पाले विद्यार्थीहरूबाट विद्यालयहरुले चर्को शुल्क लिएर लुट्दा समेत विद्यार्थी संगठन र शिक्षा मन्त्रालय मुकदर्शक भएर बसेको बताउनु भयो।

संघले शिक्षा मन्त्रीलाई एक महिनाभित्र चर्को शुल्क लिने विद्यालयहरुलाई कारबाही गरी कक्षा ११ मा भर्ना हुने विद्यार्थीहरुको लागि ५० प्रतिशत छुटको व्यवस्था गर्न मागसहित अन्य २९ बुँदे माग राखेर ज्ञापन पत्र बुझाएको छ।

## मोटरसाइकलको ठक्करबाट एकको मृत्यु

जीतपुर, १२ भदौ ।
बाराको जितपुर सिमरा उपमहानगरपालिका–३ बजनी चोकमा हिजो साँझ पैदलयात्रीलाई ठक्कर दिएर मोटरसाइकल पल्टिदा एक जनाको मृत्यु भएको छ। दुई जना घाइते भएका छन्। मृत्यु हुनेमा पैदलयात्री पर्साको वीरगञ्ज महानगरपालिका–१० रानीघाटका ४५ वर्षीय शम्भु साह रहेका छन्। उपचारका लागि अस्पताल लैजादै गर्दा उनको बाटोमै मृत्यु भएको हो।

(बाँकी तेश्रो पेजमा)

## काठमाण्डौमा फुट इन्सपेक्टर राख्ने

काठमाण्डौ, १२ भदौ ।
काठमाडौं महानगरपालिकाले खाद्य पदार्थको अनुगमन गर्न खाद्य निरीक्षक (फुड इन्सपेक्टर) राख्ने भएको छ। आइतबार बसेको नगर कार्यपालिकाको बैठकले ४ देखि ५ जना खाद्य निरीक्षक राख्ने निर्णय गरेको छ। बैठकमा मेयर बालेन साहले फुड टेक्नोलोजीमा स्नातकोत्तर गरेका ४ देखि ५ जना

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो।
* बेटी पढाऔं बेटी बचाऔं।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं।

फेटा गाउँपालिका
फेटा (बारा)

### कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश, कलैया बारा

## सेवा करार लिने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।०५।१३**

प्रस्तुत विषयमा यस कलैया उपमहानगरपाकि अन्तर्गतको स्वास्थ्य संस्था तथ । विद्यालयको लागी तपशिलका पदहरुमा सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएको हुँदा योग्यतापुगेका नेपाली नागरीकबाट सूचना प्रकाशितभएको मितिले १५(पन्ध्र) दिन भित्र निम्नविवरण सहित दरखास्त दिनुहुन यो सुचना प्रकाशित गरिएको छ।

| क. स. | विज्ञापन नं. | पद | योग्यता | सेवा | माग संख्या | परीक्षाको किसिम | सेवा सुविधा |
|---|---|---|---|---|---|---|---|
| १ | १ (स्वास्थय) /०७९/०८० | स्त्री तथा प्रसुती रोग विशेषज्ञ ( महिला मात्र) | स्त्री तथा प्रसुती रोग विषयमा स्नातकोतर गरेको | स्वास्थ्य | १ | लिखित/अर्न्तवार्ता | रु ५०००/- (हप्तामा १ दिन काम गरे वापत) |
| २ | २ (स्वास्थय) /०७९/०८० | मेडिकल अधिकृत | एम.बि.बि.एस. उत्तीर्ण गरेको | स्वास्थ्य | १ | लिखित/अर्न्तवार्ता | रु ४८,७३७/- मासिक तलब |
| ३ | ३ (स्वास्थय) /०७९/०८० | विद्यालय नर्स | स्टाफ नर्स उत्तीर्ण गरेको | स्वास्थ्य | १ | लिखित/अर्न्तवार्ता | रु ३०,२००/- मासिक तलब |

**निम्न :**
१. सम्बन्धितव्यवसायी परिषदवाकाउन्सिलमादर्ता भएको हुनुपर्ने छ।
२. उमेर : कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
३. दरखास्तफारम पाईने तथाबुझाउने स्थान : कलैया उ.म.न.पा.को कर्मचारी प्रशासनशाखा।
४.दरखास्तदिने अन्तिममिति : सुचनाप्रकाशितभएको १५ औं दिन।।
५. सम्पर्क मिति : दरखास्तदिने अन्तिममितिको भोलिपल्ट।
६. लिखिततथाअन्तर्वार्ता मिति : सम्पर्क मितिमातोकिने छ।
७. आवेदकको दस्तुर : (क) अधिकृत स्तरको हकमा रु.१५००/( अक्षरेपी रु. एक हजार पाँच सय मात्र।
(ख) सहायक स्तरको हकमा: रु.८००/( अक्षरेपी रु.आठ सय मात्र यस कार्यलयको राजस्वशाखामाबुझाउनुपर्ने।

द्रष्टव्य :
१) दरखास्तदिने अन्तिममितितथाअन्तरवार्ता मितिकादिन सार्वजनिकबिदा परेमा सोको भोलिपल्ट दरखास्ततथाअन्तरवार्ता लिईने छ। दरखास्तफारम तथाअन्यजानकारीको लागी यस कार्यालयको कर्मचारी प्रशासनशाखामा सम्पर्क गनुहोला।
२) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि , व्यवसायि परिषदवाकाउन्सिलमादर्ता भएको प्रमाणपत्रको प्रतिलिपिन्यूतम शैक्षिक योग्यताको सम्पुर्ण प्रमाण पत्रहरुको प्रतिलिपी र नेपालीनागरीकताको प्रतिलिपि , पासपोर्ट साईजको २ प्रतीफोटो पेश गर्नुपर्ने छ। प्रतिलिपिहरु सम्बन्धितउम्मेदवारले प्रमाणित गर्नुपर्ने छ। अन्तर्वार्तामा सकल प्रमाण पत्र पेश गर्नुपर्ने छ। अनुभवभएअनुभवको प्रमाण पत्र पेश गर्नुपर्ने छ। यसमा छुट भएका कुराहरु सार्वजनिक खरीद ऐन २०६३ तथानियमावली २०६४ बमोजिमहुनेछ।

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकार | : | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५५१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |


# नागरिकता विधेयकलाई समितिमा पठाउन कसरी सहमत भयो सरकार ?

*संसदीय समितिमा पठाउँदा केही दिन ढिलो भए पनि नागरिकता विधेयक रोकिने छैन । बरु राष्ट्रपतिले देखाएको गाम्भीर्यमाथि संसदले छलफल चलाएको सन्देश जाँदा विधेयक प्रमाणीकरणमा सहयोग पुग्ने सरकारको विश्वास छ ।*

**रघुनाथ बजगाईं**

काठमाण्डौ, १२ भदौ, काठमाडौं । राष्ट्रियसभाले नागरिकता ऐनको संशोधन विधेयकलाई विधायन व्यवस्थापन समितिमा पठाएको छ । आइतबार बसेको राष्ट्रिय सभाको पहिलो बैठकमा राष्ट्रपतिको सन्देश जानकारी गराइएको थियो भने दोस्रो बैठकमा गृहमन्त्री बालकृष्ण खाँणले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त विधेयक पुनर्विचारका लागि विधायन समितिमा पठाउने प्रस्ताव पेश गरेका थिए। जसलाई राष्ट्रिय सभाले अनुमोदन गऱ्यो ।

अब विधायन व्यवस्थापन समितिले नागरिकता विधेयकका विषयमा छलफल गरेर प्रतिवेदन राष्ट्रिय सभासमक्ष पेश गर्नेछ। राष्ट्रपतिले २९ साउनमा फिर्ता गरेको विधेयक २ भदौमा प्रतिनिधिसभाले हुबहु पास गरेको थियो । सत्तारुढ गठबन्धनले हुबहु पास गर्ने निर्णय गरेका कारण संसदले विधेयक समितिमा पठाउनुपर्ने नेकपा एमालेको माग सुनुवाइ भएन ।

तर राष्ट्रिय सभाबाट विधायन समितिमा पठाउन सरकार र सत्तारुढ गठबन्धन कसरी तयार भयो ? नेताहरुका अनुसार नागरिकता विधेयकलाई लिएर प्रधानमन्त्री शेरबहादुर देउवाका साथै सत्तारुढ गठबन्धनका नेताहरुले राष्ट्रिय सभाका अध्यक्ष गणेश तिमिल्सिनासँग कुराकानी गरेका थिए । आइतबार पनि राष्ट्रिय सभा बैठक अगाडि गृहमन्त्री बालकृण खाँण र कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दी बिहान सवा ९ बजे राष्ट्रिय सभा अध्यक्षको निवास, बालुवाटार पुगेका थिए। भेटमा गृहमन्त्री र कानुनमन्त्रीले नागरिकता विधेयक कुनै हालतमा पारित गर्ने सरकारको चाहना रहेको उल्लेख गर्दै सहयोग गर्न आग्रह गरेका थिए ।

जवाफमा अध्यक्ष तिमिल्सिनाले पनि आफू सरकारलाई सहयोग गर्न तयार रहेको बताए । तर राजनीतिमा हडबड भन्दा परिपक्वता आवश्यक रहेको उल्लेख गर्दै विषयगत समितिमा पठाउनुपर्नेमा आफू अडिग रहेको तिमिल्सिनाले बताए। छलफलका क्रममा गृहमन्त्री खाँण र कानुनमन्त्री विधायन समितिमा लैजाँदैमा नागरिकता विधेयक पारित हुनबाट नरोकिने निष्कर्षमा पुगेको नेताहरु बताउँछन् । बरु राष्ट्रपति विद्यादेवी भण्डारीले देखाएको गम्भीरतामाथि संसदले छलफल चलाएको सन्देश जाँदा विधेयक प्रमाणीकरणमा सहयोग पुग्ने भएकाले विधायन समितिमा पठाउने सहमति जुटेको छ ।

'आजै पारित गरेको भए सरकारले बहुमतको दम्भ देखायो भन्नुहुन्थ्यो । समितिमा लैजानुपर्छ भन्नेहरुलाई पनि आ ना कुरा कतै नसुनिएको भान पर्थ्यो' एक मन्त्री भन्छन्, 'सरकार दलहरुको गठजोडभन्दा पनि मुलुकको अभिभावक हो। अभिभावकको भूमिका निर्वाह गर्दा समितिमा लैजाने वातावरण बन्यो ।' विधायन समितिमा पठाउँदा केही दिन ढिलो भए पनि नागरिकता विधेयक नरोकिने सत्तारुढ दलका नेताहरुले बताएका छन्। किनकि १५ सदस्यीय समितिमा गठबन्धनको बहुमत छ र समितिको सभापति नभएकाले बैठकको अध्यक्ष गर्ने ज्येष्ठ सदस्य पनि सत्तारुढ दलका सांसद छन्। विधेयक समितिमा गएपछि एमालेलाई पनि आ नो मत राख्ने अवसर मिलेको छ । 'अब नागरिकता विधेयकमा गहन छलफल हुन्छ। समितिमा आ ना कुरा राख्छौं । राष्ट्रपतिले भने अनुसारका विषयलाई सम्बोधन गर्ने प्रयास गर्छौं' एमाले राष्ट्रिय सभामा संसदीय दलका सचेतक देवेन्द्र दाहाल भन्छन्, 'बाँकी समितिले निर्णय गर्छ तर, हुबहु पारित गर्ने कुरामा हाम्रो विरोध रहन्छ ।'

**तर सत्तारुढ गठबन्धनका सांसदहरु भने विधेयकको मूल विषयमा परिवर्तन नहुने बताउँछन् ।**

फेरि पनि फास्ट ट्र्याक

राष्ट्रिय सभाले विधेयक समितिमा पठाए पनि फास्ट ट्र्याकमै पारित गर्ने सरकारको योजना छ । त्यहीअनुसार विधायन समितिका बैठक भोलि सोमबार बोलाइएको छ । विधायन व्यवस्थापन समितिको सभापति १९ फागुन २०७९ देखि रिक्त छ। सभापति नहुँदा ज्येष्ठ सदस्यले बैठक बोलाउन सक्ने प्रतिनिधिसभा नियमावलीको व्यवस्था छ । यही अधिकार प्रयोग गर्दै समितिका ज्येष्ठ सदस्य नारायण दत्त मिश्रले सोमबार मध्यान्ह १२ बजेका लागि बैठक बोलाएका हुन् । 'भोलिबाटै हामी विधेयकमाथि छलफल सुरु गर्छौं । राष्ट्रिय सभाको बैठक १६ गतेलाई बोलाइएको छ । सकभर हामी १६ गते नै समितिको प्रतिवेदन हाउसमा लैजान्छौं र त्यही दिन यो विधेयकलाई टुंग्याउनुपर्छ भनेर लाग्नेछौं' मिश्रले भने, 'समय थोरै छ । समय घर्किसकेकाले चाँडै गरौं भन्ने छ ।'

सामान्यतया विधेयक समितिमा पुगेपछि पहिलो बैठकमा सैद्धान्तिक छलफल गर्ने, त्यसपछि सरोकारवाला पक्ष र सम्बन्धित क्षेत्रका विज्ञहरुसँग छलफल गर्ने र विधेयकमाथिको दफावार छलफल सुरु गरेर प्रतिवेदन तयार पार्ने अभ्यास संसदीय विषयगत समितिहरुले गर्दै आएका छन् । तर नागरिकता विधेयकका विषयमा यो प्रक्रिया अवलम्बन नहुने समितिका ज्येष्ठ सदस्य मिश्र बताउँछन् । 'कसैले बाहिरका विज्ञहरु बोलाऊ भनेका छन् । कसैले के भनेका छन' उनी भन्छन्, 'तर मैले समितिका १५ जना सदस्यमा व्यापक छलफल गराएर निर्क्योलमा पुऱ्याउने सोच राखेको छु ।'

**'वैवाहिक अंगीकृतमा छलफल हुन्न'**

एमालेले वैवाहिक अंगीकृत नागरिकता निश्चित समयपछि मात्र पाउने व्यवस्था गर्नुपर्ने अडान लिएको छ । विधेयक फिर्ता गर्दा राष्ट्रपतिले दिएको सन्देशमा पनि अंगीकृत नागरिकताबारे स्थायी समाधान खोज्नुपर्ने भनिएको छ । विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य मिश्र भने वैवाहिक अंगीकृत नागरिकताबारे समितिमा छलफल नहुने बताउँछन्। 'छलफललाई विधेयकभन्दा बाहिर लैजान्छु, वैवाहिक अंगीकृत के-के आएको छ, त्यसमाथि छलफल गराउँछु भनेपनि कसले बाहिर लैजान दिन्छ र ?' उनले भने, 'विधेयकभित्रै भएका कुरामा छलफल गरौं। यहीअनुसार छलफल हुन्छ ।'

जन्मका आधारमा नागरिकता लिएका सन्तान र गैरआवासीय नेपालीहरुलाई नागरिकता दिने विषयलाई सम्बोधन गर्न विधेयक आएकाले यसबारे छलफल गरेर अगाडि बढ्ने ज्येष्ठ सदस्य मिश्र बताउँछन्। विधायन समितिले नागरिकता विधेयक पारित गरेर प्रतिवेदनसहित राष्ट्रिय सभामा पेश गर्छ । प्रतिवेदनउपर सभामा छलफल हुन्छ र सभाले पारित गरेपछि पुनः प्रतिनिधिसभामा जान्छ । राष्ट्रिय सभामा भएको संशोधन प्रतिनिधिसभाले स्वीकार गरेको खण्डमा नागरिकता विधेयक सहजै अगाडि बढ्छ ।

राष्ट्रिय सभाले गरेको संशोधन प्रतिनिधिसभाले अस्वीकार गरेमा दुवै सदनको संयुक्त सभा बसेर टुंगो लगाउनुपर्ने कानुनी व्यवस्था छ । यसो हुँदा दुवै सदनमा रहेका ३३४ सदस्यले बहुमत र अल्पमतका आधारमा निर्णय लिनुपर्ने हुन्छ। तर विधायन समिति र राष्ट्रिय सभामा गठबन्धनको प्रष्ट बहुमत भएकाले विधेयक हुबहु पास हुनेमा सरकार ढुक्क देखिएको छ। १५ सदस्यीय विधायन समितिमा कांग्रेसबाट ३ जना सदस्य (ज्येष्ठ सदस्य मिश्रसहित जितेन्द्र नारायण देव र प्रकाश पन्थ) छन् । नेकपा माओवादी केन्द्रबाट ४ जना सदस्य (गंगा कुमारी वेल्वासे, तारामान स्वार, सुरेश कुमार आलेमगर र राधेश्याम पासवान) छन्। एमालेबाट ३ जना सदस्य (देवेन्द्र दाहाल, भगवती न्यौपाने र भैरव सुन्दर श्रेष्ठ) छन् । नेकपा एकीकृत समाजवादीबाट २ जना सदस्य (डा. बेदुराम भुसाल र उदय बहादुर बोहरा) छन् । जनता समाजवादी पार्टी (जसपा)बाट प्रमिला कुमारी, राष्ट्रपतिबाट मनोनित सांसद विमला राई पौडयाल र स्वतन्त्र सांसद खिमलाल देवकोटा छन्।

राष्ट्रिय सभामा पनि सत्तारुढ गठबन्धन दुई तिहाइ बहुमत नजिक छ । ५९ सदस्यीय राष्ट्रिय सभामा माओवादी केन्द्रका १५, कांग्रेसका १०, एकीकृत समाजवादीका ८, जसपाका ३ र राष्ट्रिय जनमोर्चाका एक सदस्य छन् । स्वतन्त्र सांसद खिमलाल देवकोटा र माओवादी केन्द्रको चुनाव चिह्नबाट निर्वाचन लड्ने सहमति गरेका वामदेव गौमतले पनि साथ दिए गठबन्धनको दुई तिहाइ पुग्छ। प्रमुख प्रतिपक्षी नेकपा एमालेका भने १७ सांसद छन् । (साभार-अनलाइनखबर)

# भूकम्प : पाठहरूको प्रयोगशाला

**डा. तारानिधि भट्टराई**

भूकम्पबाट स्वावलम्बनको जुन पाठ सिकेका थियौं, त्यसलाई निरन्तरता दिएनौं । त्यसैले नतिजा पनि भोगिराखेका छौं । संसारभरका १० उच्च हिमालमध्ये ८ शिखर नेपालमा छन्। सबैभन्दा अग्लो शिखर सगरमाथाबाहेक ८ हजार मिटरभन्दा अग्ला कञ्चनजंघा (तेस्रो), लोत्से (चौथो), मकालु (पाँचौं), चोयू (छैटौं), धौलागिरि (सातौं), मनास्लु (आठौं) र अन्नपूर्ण (दसौं) ले हाम्रो देशलाई सुशोभित बनाएका छन्। पाकिस्तानमा रहेका केटु पर्वत र नांगा पर्वत क्रमशः दोस्रो र नवौं स्थानमा पर्छन् । यी १० वटै शिखर हिमालय पर्वत शृंखलाका विभिन्न भागमा अवस्थित छन्। यिनको उत्पत्तिको बिउ लगभग ५ करोड वर्ष अगाडिसम्म अस्तित्वमा रहेको टेथिस सागरको गर्भमा रहेको थियो । पछि, टेथिस सागरको दक्षिणी किनारामा रहेको इन्डियन प्लेट र उत्तरी किनारामा रहेको युरेसियन प्लेट एकआपसमा विस्तारै सर्न थाले। यसरी टेथिस सागरको चौडाइ निरन्तर घट्यो । त्यहाँ बनेका चट्टानहरू दुई प्लेटको बिचमा चेप्टिन थालेको पाइन्छ ।

अन्ततोगत्वा, प्लेटहरू एकआपसमा ठोकिएपछि टेथिस सागर लोप भयो । त्यहाँ बनेका चट्टानहरू बिस्तारै निचोरिएर उचालिन थाले (उचाइ बढ्न थाल्यो) । जमिनको उचाइ बढ्न थाल्नुलाई 'पहाड बन्ने प्रक्रिया' भनिन्छ । हिमालयको जन्म यही बिन्दुबाट सुरु भएको हो । माथि उल्लिखित शिखरहरू एकैचोटि अग्लिएका होइनन् । करोडौं वर्षको दौरानमा भिन्नाभिन्नै उचालिने दरका साथ बेग्लाबेग्लै समयमा अस्तित्वमा आएका हुन् । साधारणतः पहाड अग्लिने दर प्रतिवर्ष केही सेन्टिमिटरभन्दा बढी हुँदैन । त्यसको केही अंश चै अपक्षय भएर (खिइएर) जान्छ । अग्लिने र अपक्षय हुने दर एउटै भयो भने पहाडको उचाइ बढ्दैन । अहिले यी पर्वतहरू पर्यटकीय दृष्टिकोणले आकर्षणका केन्द्र मानिन्छन् । हेर्दा पनि मनमोहक देखिन्छन् ।

जन्मपछि यिनलाई विस्तारै अग्लो बनाउने क्रममा अहं भूमिका खेल्नेकाम भूकम्पले गरेको हो। स्मरण रहोस्, २०७२ सालको भूकम्पले काठमाडौं र आसपासको क्षेत्रलाई लगभग १.५ मिटर उचालेको थियो । कल्पना गरौं, माथि उल्लिखित शिखरहरूलाई आफ्नो उद्गमदेखि अहिलेको उचाइमा आइपुग्न कतिवटा प्रलयकारी भूकम्पहरूको धक्का खेप्दै उचालिनु पऱ्यो होला ? यो क्षेत्रमा पहाड बन्ने प्रक्रिया सुरु भएसँगै भूकम्प जान थालेको हो । भूकम्प अर्थात् जमिनमा हुने कम्पन एकै नासको नहुन सक्छ । कहिले हामीले महसुस नै गर्न नसक्ने गरी एकदम नै कमजोर खालको कम्पन हुन्छ । कहिले अत्यन्तै अत्यास लाग्ने महाविपद् निम्त्याउने जमिन हल्लन थाल्छ । अघिल्लो खालका भूकम्पहरू प्रायः दिनैपिच्छे जसो आइरहेका हुन्छन् । पछिल्लो खालका भूकम्पहरू भने दसकौं (सयौं वर्ष पनि) को अन्तरालमा मात्र आउँछन् ।

हिमालय क्षेत्रमा अनुसन्धानरत भूवैज्ञानिकहरूले प्रकाशित गरेका वैज्ञानिक लेखहरूमा उल्लेख भएअनुसार हाम्रो देशको भूकम्पीय इतिहास तयार हुने क्रममा नै छ । १३१२ साल (सन् १२५५) मा गएको मोमेन्ट म्याग्निच्युड ८.५ को भूकम्पलाई नै अध्ययन गरिएको सबैभन्दा पुरानो महाभूकम्प (८ म्याग्निच्युड र सोभन्दा ठूला भूकम्प) मानिन्छ । योभन्दा अगाडि गएका महाभूकम्पहरूका बारेमा अध्ययन अनुसन्धान नै हुन सकेको छैन। १३१२ सालपछि पनि १४०१ साल (सन् १३४४)मा मोमेन्ट म्याग्निच्युड ८.२, १५६२ साल (सन् १५०५)मा मोमेन्ट म्याग्निच्युड ८.९ र १९९० साल (सन् १९३४) मामोमेन्ट म्याग्निच्युड ८.४ का महाभूकम्प गएका थिए । यी महाभूकम्पहरू क्रमशः ८९, १६१ र ४२८ वर्षको अन्तरालमा गएको देखिन्छ । त्यसो त नेपालमा १३०० सालदेखि अहिले (२०७९ साल)सम्मको अन्तरालमा माथि उल्लिखित चारवटा महाभूकम्पबाहेक अरू पाँचवटा ठूला भूकम्प (म्याग्निच्युड ७ देखि ७.९ सम्मका) पनि गएका छन्। ती भूकम्प क्रमैसँग सन् १२२३ (मोमेन्ट म्याग्निच्युड ७.०), सन् १८०८ (मोमेन्ट म्याग्निच्युड ७.०), सन् १८३३ (मोमेन्ट म्याग्निच्युड ७.८), सन् १८६६ (मोमेन्ट म्याग्निच्युड ७.४) र सन् २०१५ (मोमेन्ट म्याग्निच्युड ७.८)मा गएका थिए । यी तथ्य केलाउँदा उल्लिखित ठूला भूकम्प क्रमैसँग ५८५, २५, ३३, र १४९ वर्षको अन्तरालमा गएको देखिन्छ ।

प्राप्त आँकडा हेर्दा ७ सय वर्षयता ४ वटा महाभूकम्प र ५ वटा ठूला भूकम्प गएको देखिन्छ (सात म्याग्निच्युडभन्दा साना भूकम्पलाई यहाँ गणना गरिएको छैन)। भूकम्पको पुनरावृत्ति हुने समय कम्तीमा २५ वर्ष र बढीमा ५८५ वर्ष देखिन्छ । यो क्षेत्रमा अनुसन्धानरत भू-वैज्ञानिकका अनुसार १३०० सालदेखि १९९० सालभित्र माथि उल्लिखित ९ वटाबाहेक अरू पनि ठूला भूकम्प र महाभूकम्पहरू गएका हुन सक्छन् । जसको बारेमा अध्ययन अनुसन्धान हुन नै बाँकी छ। त्यसैले पुनरावृत्तिको समय र संख्याबारे हाम्रो ज्ञान अझै अपूर्ण छ। अब कल्पना गरौं, ७ सय वर्षमा कम्तीमा पनि ९ वटा बिनासकारी भूकम्प गएको मान्ने हो भने हिमालयको उत्पत्तिदेखि अहिलेसम्मको लगभग ५ करोड वर्षको अन्तरालमा कति भूकम्प गए होलान् । निश्चय नै पनि यो संख्या ५० हजारभन्दा बढी हुन्छ। त्यतिका धेरै भूकम्पहरूको धक्का खाएर ठडिएका हाम्रा पहाडहरूमा भौतिक पूर्वाधार निर्माण गर्नु निकै चुनौतीपूर्ण काम हो । जुन कुरा हाम्रा गाउँ, सहर र सडकहरूलाई वर्षैपिच्छे पहिरोले तहसनहस पारेको तथ्यले छर्लंग पारेकै

*(बाँकी तेश्रो पेजमा)*

# थारू समुदायमा आज अटवारी पर्व मनाइँदै

वीरगञ्ज १२ भदौ ।

तराईका थारू समुदायले आज विविध कार्यक्रम आयोजना गरी अटवारी पर्व मनाउँदैछन् । सो पर्व उनीहरुका लागि तीजजस्तै हो। शुक्रबार राति दर खाएर दिनभरि व्रत बस्ने र साँझपख रोटी पकाएर देउतालाई चढाइसकेपछि खाने र आज बिहान भात पकाएर भात-तरकारी पनि देउतालाई चढाइसकेपछि मात्र खाने चलन सो समुदायमा रहेको छ। थारू अगुवा सीता चौधरीका अनुसार रोटी पकाइसकेपछि रोटीसँगै दही, फलफूल आदि परिकार अग्नि देवतालाई चढाएर दिदीबहिनीका लागि 'अग्रासन' (दिदी-बहिनीका लागि छुट्याइने परिकार) छुट्याई बनाइएका परिकार खाँदै यो पर्व मनाउने प्रचलन रहिआएको छ। 'अटवारी पर्व तीजजस्तै हो, हाम्रो तीज फरक छ हाम्रो समुदायमा दाजुभाइले दिदीबहिनीको सौभाग्यका लागि पानीसमेत नखाई ब्रत बस्छन, उनले भने, "थारू समुदायमा यो पर्वको विशेष



महत्व छ ।'

व्रत बसेको पहिलो दिन पनि अग्रासन छुट्याई अग्नि देवतालाई चढाइसकेपछि खाना खाने गरिन्छ । आफ्ना दिदीबहिनीलाई फलफूल र रोटीमात्र खाने र दोस्रो दिन बिहान भात, तरकारी पकाई भात तरकारीको अग्रासन दिने गरेको बेदकोट नगरपालिकाका सेटसिंह चौधरीले बताए । 'यो पर्वमा विशेषगरी हामी दाजुभाइले दिदीबहिनीको सौभाग्यका लागि व्रत बस्छौँ', उनले भने, 'यो पर्व तीन दिनसम्म मनाउँछौं ।'

उनका अनुसार आफ्ना दिदीबहिनीका घरमा पुगेपछि अटवारी पर्व समाप्त हुन्छ । यो पर्वले दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्धसमेत प्रगाढ

*(बाँकी तेश्रो पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
ल्वतष्यलर्बा DAILY दैनिक



## भूकम्प :..................

छ।

झन् ऐतिहासिक कालमा त ती भूकम्पका कारण हाम्रा पहाडहरूमा कति भीषण पहिरो गए होलान् ? कति भयावह देखिने गरी जमिनमा चिरा पर्‍योहोला । पहिरोका कारण नदी थुनिएर के–कस्ता जलाशय बने होलान् ? पछि पानीको मात्रा बढ्दै जाँदा ती जलाशयहरू फुटेर के कत्रा बाढी गए होलान् ? ७२ सालको भूकम्प ब्यहोरेकाहरूले यो प्रश्नको जवाफमा केही न केही अनुमान लगाउन त सक्छन् । तर, प्रमाणको रूपमा पेस गर्न र सर्वसाधारणलाई बुझाउन मिल्ने गरी ऐतिहासिक भूकम्पले छोडेका निसानाहरू भेट्न निकै गाऱ्होपर्छ । यो गहन अनुसन्धानको विषय पनि हो ।

१३०० सालपछि गएका भूकम्पहरूले छोडेका निसानाहरू (पहिरो, पहिरेबाँध, फुटेपछि बाँकी रहेको पहिरेबाँधको खण्ड, जमिनमा परेका चिरा, पहिरोबाट उछिट्टिएका चट्टानका भीमकाय टुक्रा इत्यादि) को पहिचान गरी तिनको संरक्षण गर्न हामीमा जाँगर पलाएको छैन । जबकि अरू देशले भूकम्प सिर्जित बिभिन्न प्रकारका प्रमाण चिन्हहरूको पहिचानपछि तिनलाई 'जियो–पार्क'को रूपमा संरक्षण गरेर पर्यटकीय आकर्षणका केन्द्र बनाएका छन् । उदाहरणका लागि जापानको मुरोतो युनेस्को ग्लोबल जियोपार्कमा भूकम्पले जमिनको सतहलाई उचालेको र दबाएको (भासिएको) चिन्हलाई सुरक्षित राखिएको छ । बर्सेनि हजारौं पर्यटकले त्यो ठाउँको अवलोकन भ्रमण गर्छन् । भावी पिँढीलाई भूकम्पीय जोखिमबारे ज्ञान दिन र सचेतना जगाउन ऐतिहासिक भूकम्पले ध्वस्तपारेका मानव निर्मित केही संरचनालाई जस्ताको तस्तै संरक्षण गर्नुपर्ने चलन संसारभर छ ।

सन् २००८ मा चीनको सेचुवा प्रान्तको वेनचुवाङमा ८ म्यागिनिच्युडको भूकम्प जाँदा भत्किएका केही स्कुल र भवनलाई पुनर्निर्माण नगरी जस्ताको तस्तै संरक्षण गरेर राखिएको छ । अवलोकन भ्रमणमा आउने हजारौं पर्यटक त्यहाँको भूकम्पीय क्षतिको भयाबह दृश्य देखेर स्कुल भवनलाई अनिवार्य रूपमा भूकम्प–प्रतिरोधक बनाउनुपर्ने आवश्यकता महसुस गर्दै फर्कन्छन् । हामीले पनि एकादुई नै भए पनि भूकम्पीय क्षतिका प्रमाणहरूको संरक्षण गर्नुपर्ने हो । तर, यसो गर्ने हाम्रो सरकारको कुनै नीति अहिलेसम्म बनेको छैन । हुनतः चाहना राख्ने हो भने समयले नेटो काटिसकेको पनि छैन ।

माथि उल्लिखित ९ भूकम्पमध्ये अझै पनि खोजीनीति गर्ने हो भने क्षतिका केही प्रमाण भेट्न सकिने सम्भावना भएको पुरानो भूकम्प भनेको १८९० (सन् १८३३) को ठूलो भूकम्प हो । १८९ वर्ष अगाडि आजैको दिन (भदौ १२ गते) गएको यो भूकम्पले काठमाडौं उपत्यकाका घर र मन्दिरहरूमा व्यापक क्षति पुऱ्याएको थियो । तत्कालीन प्रधानमन्त्री भीमसेन थापाले बनाएका दुईवटा धरहरामध्ये एउटा पूर्णरूपमा ध्वस्त भएको थियो (यसको पुनर्निर्माण गरिएन)भने अर्कोको टुप्पो भाँचिएको थियो (यसको पुनर्निर्माण गरिएको थियो । यो पुनर्निर्मित धरहरालाई फेरि १९९० सालको भूकम्पले भत्कायो । फेरि पनि यसलाई पुनः निर्माण गरियो । तर, २०७२ सालको भूकम्पलाई यसले थेग्न सकेन र ध्वस्त भयो । त्यसपछि यसको पुनर्निर्माण गरिएन) । यसरी दुवै धरहराको अस्तित्व भूकम्पका कारण समाप्त भयो । १८९० सालको भूकम्पले टुँडिखेलको किनारमा बनेको १०० फिट अग्लो जगन्नाथ मन्दिरलाई पनि ध्वस्त पारेको थियो । पछि यसको पुनर्निर्माण गरियो । पुनर्निर्मित मन्दिरलाई १९९० र २०७२ सालको भूकम्पले खासै क्षति नपुऱ्याए पनि यो मन्दिर अहिले जीर्ण छ । यो मन्दिर आफैंमा १८९० सालको ठूलोभूकम्प भोग्ने एउटा प्रमाण पनि हो ।

धरहरा हाम्रा अमूल्य सम्पदा हुन् । यी सम्पदाबारे अनुसन्धान गरेका मानिसहरू अहिले पनि हुनुहुन्छ । त्यसैले, जगन्नाथ मन्दिर र दुवै धरहराको इतिहास र भूकम्पको ताण्डव दृश्यको साक्षात्कार हुने गरी त्यो क्षेत्रमा एउटा संग्रहालय बनाउन सके भूकम्प सचेतना बढाउन र बिगतप्रति नयाँ पुस्तालाई गौरवान्वित बनाउन सहयोग पुग्ने थियो । १८९० सालको भूकम्पले महत्वपूर्ण सन्देश पनि छोडेर गएको छ । प्रकाशित केही वैज्ञानिक कृतिका अनुसार भदौ १२ गते सूर्य अस्ताउनै लाग्दा र त्यसको झन्डै २५ मिनेट अगाडि ठूलठूला पूर्वकम्प गए । सूर्यास्तअघि मानिस घरबाहिर बसेकाले खासै असर गरेन तर मध्यरातमा मुख्यकम्पमा काठमाडौं उपत्यकामा मानिसको हताहत न्यून ( लगभग ५ सय जना) भएको थियो ।

भूकम्प सिर्जित पहिरोका कारण कमला नदी चार दिनसम्म थुनिएको थियो । सम्भवतः पछि यो आफैं प्राकृतिक रूपमा नै खोलियो । त्यो बेला त कमला नदी किनारमा सायद खासै गाउँबस्ती थिएनन् । अहिले भदौको महिनामा त्यो नदी चार घण्टा थुनिने हो भने त्यसले उब्जाउने कोलाहल अकल्पनीय हुन्छ । नदीकिनारमा बस्ती बसाउँदा सम्भावित यस्ता घटनाबाट बच्ने गरी मात्र बसाउनुपर्छ । अहिलेसम्म यसमा पटक्कै सोचेका छैनौं । नदीको बहाव क्षेत्रलाई नक्सांकनसम्म गर्न थालेका छैनौं । उल्लेख्य अर्को महत्वपूर्ण कुरा के पनि हो भने यो भूकम्पको पुनर्निर्माण ५–७ वर्षभित्र सकिएको थियो । जबकि ७२ सालको भुकम्पको पुनर्निर्माण अझै सकिएको छैन । त्यो बेला त्यतिचाँडो पुनर्निर्माण सकिनुमा भवनको डिजाइन, निर्माण प्रविधि, निर्माण सामग्री, डकर्मी, सिकर्मी र कालिगढहरूको स्थानीय स्तरमै उपलब्धता थियो जुन कुरा अहिले छैन । अर्थात् स्वावलम्बनको जुन पाठ सिकेका थियौं, त्यसलाई निरन्तरता दिएनौं । नतिजा पनि भोगिराखेका छौं ।

भूकम्प एउटा प्राकृतिक प्रक्रिया हो । यसलाई न त रोक्न सकिन्छ नत छेक्न नै । माथि उल्लिखित ८ वटा शिखर मात्र होइन, हाम्रा वरिपरि जेजस्ता भू–दृश्य छन् सबैको प्रादुर्भाव हुनुमा भूकम्पको पनि भूमिका छ । भूकम्पले मानिस मार्ने पनि होइन । अवैज्ञानिक तरिकाले बनाइएका भौतिक संरचनालाई भूकम्पले भत्काउँदा धन–जनको क्षति हुने गरेको हो । फेरि बिनासकारी भूकम्पको भयावह ताण्डवनृत्य प्रत्यक्ष नदेखेको वा नभोगेको पुस्तालाई कुरा बुझाउन गाऱ्हो पर्छ । त्यसैले भूकम्पीय क्षतिलाई न्यूनीकरण गर्न प्रत्येक पुस्ताले भूकम्पको इतिहास र यसले पुऱ्याउने क्षतिको आयाम बारेमा जान्नु जरुरी हुन्छ । यो कामका लागि भूकम्पीय इतिहास र क्षति दर्साउने भौगर्भिक एवं मानव–निर्मित संरचनाहरूलाई संरक्षण गरी भूकम्प संग्रहालय बनाउनु आवश्यक छ । भूकम्पीय विपद् व्यहोरेका विदेशी सहरहरूमा यस्ता संग्रहालय बनाइएका छन् ।

संग्रहालय बनाउने कामको सुरुआत १८९ वर्ष अगाडि आजको दिनमा गएको भूकम्पका अवशेषहरूबाट सुरु गर्नुपर्छ । त्यसपछि गएका सबै बिनासकारी भूकम्पका निसानाहरूलाई समेट्दा राम्रो हुन्छ । ७२ सालको भूकम्पसँग सम्बन्धित संग्रहालय बनाउने कुरा चर्चामा छ । यसै संग्रहालयमा खण्ड छुट्याएर ऐतिहासिक भूकम्पका उपलब्ध प्रमाण चिन्हहरूलाई पनि संरक्षण गर्नु वान्छनीय देखिन्छ । यो काम संघीय सरकारले मात्र गर्नुपर्छ भन्ने छैन, काठमाडौं महानगरपालिकासहित देशैभरका स्थानीय सरकारसँगको साझेदारीमा निजी क्षेत्रले पनि सहभागिता जनाउन मिल्छ । (साभार–अन्नपूर्णपोष्ट)

## थारू समुदायमा .........

हुने विश्वास थारू समुदायमा छ । थारू अगुवाका अनुसार अटवारी पर्व ऐतिहासिक घटनासँग जोडिएको छ । दाङका थारूराजा दङ्गीशरण र पाँच पाण्डवमध्ये भीमसँग सम्बन्धित छ ।

महाभारतका पाँच पाण्डव र दाङका थारूराजा दङ्गीशरणबीचमा लामो समयदेखि राम्रो सम्बन्ध थियो । पाँच पाण्डव र द्रोपदी सबै सुर्खेतको काँक्रेविहारमा घुम्ने बेला दाङका थारूराजा दङ्गीशरणको राज्यमा शत्रुहरूलाई आक्रमण गर्न लागेको खबर थाहा पाएपछि तावामा पकाउँदै गरेको रोटी छाडेर पाँच पाण्डवमध्ये भीम भोकैपेटमा पानीसमेत नखाई राजा दङ्गीशरणको पक्षमा लडेका थिए ।

भीमले राजा दङ्गीशरणको पक्षमा लडेर शत्रुलाई हराउन सफल भएका थिए । त्यही विजयोत्सवका अवसरमा थारू समुदायले अटवारी मनाउँदै आएका छन् ।ँभीमजस्तै बलियो हुनका लागि पानीसमेत नखाई थारू समुदायका दाजुभाइले व्रत बस्ने गरेका छन्, थारू अगुवा हरिलाल चौधरीले भने, 'यो पर्व दिदीबहिनीहरूसँग जोडिएको छ ।' थारू समुदायको यो पर्वका अवसरमा आज सुदूरपश्चिम प्रदेश सरकारले सार्वजनिक बिदा दिएको छ । (रासस)

## बारामा कुन............

सुवर्ण, देवताल र करैयामाई गाँउपालिका पर्दछ । यता निर्वाचन क्षेत्र नं ३ मा जीतपुर सिमरा उपमहानगरको ८ वटा वडा, कलैया उपमहानगरको २६ वटा वडा र फेटा गाउँपालिकाको ३ वटा वडा यसै निर्वाचन क्षेत्रमा पर्दछ । निर्वाचन क्षेत्र नं ४ मा भने विश्रामपुर र परवानीपुर गाँउपालिका, जीतपुर सिमरा उपमहानगरको १६ वटा वडा, फेटा गाउँपालिकाको ४ र कलैया उपमहानगरको एउटा वडा पर्दछ । निर्वाचन कार्यालयको तथ्यांकअनुसार सामान्यतया निर्वाचनमा कुल मतदाताको ८० देखि ९० प्रतिशत मत खस्ने गर्दछ । गत बैशाखमा भएको स्थानिय तहको निर्वाचनमा ८७ प्रतिशत मत खसेको निर्वाचन कार्यालय बाराले जनाएको छ । (साभार–रातोपाटी)

## मोटरसाइकलको.........

दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार दुई जनाको सिमरा स्थित अल्पाइन अस्पतालमा उपचार भइरहेको छ । वीरगन्जबाट सिमरातर्फ आउँदै गरेको बा ७१ प २९७ नम्बरको मोटरसाइकल हिजो साँझ पौने ७ बजे पैदलयात्रीलाई ठक्कर दिएर पल्टिएको इलाका प्रहरी कार्यालय सिमराले जनाएको छ ।

## काठमाण्डौमा.............

फुड इन्सपेक्टर राख्ने प्रस्ताव गरेका थिए । जसलाई कार्यपालिका बैठकले अनुमोदन गरेको हो । खाद्य निरीक्षकले मासु पसल र खाद्य पदार्थको पसलहरु अनुगमन गर्नेछ । बैठकले काठमाडौं महानगरपालिकाले ५ जना कानुनी सल्लाहकार राखेको छ । मेयर बालेनले डिना श्रेष्ठ, शंकर पुडासैनी, ओमप्रकाश अर्याल, महेश नेपाल र कुमारी खरेललाई कानुनी सल्लाहकारमा प्रस्ताव गरेका थिए । महानगरका प्रवक्ता नविन मानन्धरले मेयर, उपमेयर र वडाध्यक्षको छलफलबाट कानुनी सल्लाहकारको नाम छनोट गरिएको जानकारी दिए । यसअघि महानगरले ४ जना कानुनी सल्लाहकार राखेको थियो ।

# उपेक्षित रोग निवारण : उपेक्षा सरकारको कि सर्वसाधारणको ?

नेपाल एक यस्तो मुलुक हो जहाँ विश्वका विभिन्न रोगको जोखिम हुन्छ र देखा परिरहन्छ । त्यसमध्ये पनि उपेक्षित रोगहरूको कमी छैन । उपेक्षित रोग भन्नाले सामान्यतः सबै तहबाट बेवास्ता गरिएका रोग भनेर बुझ्नुपर्छ । बेवास्ता भनेपछि कसैको पनि महत्वमा नपरेको र चासो निकै कम दिइएका रोगहरू हुन् । विश्व स्वास्थ्य संगठनका अनुसार बेवास्ता गरिएका यस्ता रोगहरूबाट बर्सेनि विश्वभर १.७ बिलियन अर्थात् झन्डै २ अर्ब ७ करोडभन्दा बढी मानिस प्रभावित हुने गरेका छन् । जबकि बर्सेनि यस्ता रोगका कारण झन्डै २ लाख मानिसको मृत्यु हुने गरेको छ भने १९ लाख मानिसमा विभिन्न अपाङ्गतासँग सम्बन्धित समस्या देखिने गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार उपेक्षित रोगहरूको सूची लामो छ । जसमा कीटजन्य विभिन्न रोग जस्तैः डेंगु, औलो, स्क्रबटाइफस, कालाज्वर, चिकनगुनियालगायत पर्छन् । यस्तै, रेबिज, खस्रे रोग, बुरुली अल्सर, कुष्ठरोग, स्लीपिङ्ग सिकनेस, हैजा, हात्तीपाइले, माटोबाट सर्ने जुका, झाडापखाला, सर्पदंश, लुतोलगायत २० प्रकारका रोग पनि उपेक्षित रोगहरूको सूचीमा रहेका छन् ।

नेपालको हकमा भने विशेषगरी गर्मीमा देखिने संक्रामक रोगको रूपमा रहेको पाइन्छ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका रिसर्च युनिटका प्रमुख डा. शेरबहादुर पुनका अनुसार नेपालमा रेबिज, डेंगु, चिकनगुनिया, कुष्ठरोगलगायत रोग उपेक्षित रोगको रूपमा देखा पर्ने गरेका छन् । विशेषगरी कोरोना बाहेक अन्य प्रायः गर्मीमा देखिने गरेको संक्रामक रोगहरू उपेक्षित रोगको रूपमा रहेको उनको भनाइ छ । विभिन्न प्रकारका भाइरस, ब्याक्टेरिया, परजीवी, फंगी र विषाक्त पदार्थ तथा वातावरणीय प्रभावका कारण यी रोगहरू लाग्ने गरेको डा. पुन बताउँछन् । डा. पुन भन्छन्, 'सरकारले नै नेपालमा देखिने जति पनि उपेक्षित रोगहरू छन् तिनलाई बेवास्ता गरेका कारण बर्सेनि लाखौं मानिस यसबाट प्रभावित हुन्छन् । १० वर्ष अघिसम्म तराईमा देखिने डेंगु, चिकनगुनिया, कालाज्वरलगायत रोगहरू पछिल्लो समय पहाडी र हिमाली जिल्लामा पनि देखिन थालेको छ । जुन चिन्ताको विषय हो ।'

सुष्मा कर्ण (स्नेहा)

'सरकारले अन्य रोगहरूका लागि बजेटमै तोकेर रकम विनियोजन गरे पनि रेबिज, डेंगु, चिकनगुनिया, कुष्ठरोग, कालाज्वर, हैजा लगायत रोगहरूका लागि बजेट नै छुट्याएको हुँदैन' डा.पुन अगाडि थप्छन्, 'सामान्य अवस्थाको रोगको रूपमा सरकारले नै लिएका कारण यी रोगहरूबाट मानिसको मृत्यु हुने गरेको भए पनि त्यसको तथ्यांक सरकारसँग छैन ।' सरकारले बेवास्ता गरेकै कारण नेपालमा उन्मूलन भइसकेको भनिएको कालाज्वर, हैजा, औलो लगायत रोगहरू बेला–बेला देखिने गरेको र मानिसको मृत्यु समेत भइरहेको छ । २०७५ मा आएको डेंगुले देशका सबैजसो जिल्लालाई प्रभावित बनायो भने स्क्रबटाइफसका कारण पछिल्लो ४ वर्षमा एक सयभन्दा बढीको मृत्यु भएको छ । त्यस्तै, हैजाका कारण गत वर्ष मात्रै ८ जनाको मृत्यु भएको सरकारकै तथ्यांकले देखाउँछ । सर्पदंशका कारण पनि बर्सेनि १ हजार मानिसको मृत्यु हुने गरेको छ भने डेंगुका कारण ५० जनाको मृत्यु हुने गरेको छ । यस्तै रेबिजका कारण पनि नेपालमा बर्सेनि ४० देखि ५० जनाको हाराहारीमा मृत्यु हुने गरेको देखिन्छ । हुन पनि हो, सरकारले नेपालमा देखिइरहने यस्ता संक्रामक रोगहरूको निवारणका लागि खासै पहल गरेको देखिँदैन । यदि यस्ता रोग निवारणका लागि नीतिगत तहबाट काम हुन्थ्यो भने यति ठूलो मानवीय क्षति व्यहोर्नुपर्ने थिएन ।

बर्सेनि देखा परिरहने रेबिज, डेंगु, चिकनगुनिया, कुष्ठरोग, कालाज्वर, हैजालगायत रोगहरूको निवारणका लागि सरकारले जनचेतनामूलक योजना ल्याएको दावी गर्छ । तर, दावी गरे अनुसार प्रभावकारिता भने देखिएको छैन । जनस्वास्थ्य विज्ञ घनश्याम पोखरेलका अनुसार नेपालमा देखा पर्ने प्रायः उपेक्षित रोगहरू सरकारकै कमजोरीका कारण निवारण हुनसकेको छैन । उपेक्षित रोग निवारणका लागि आवश्यक जनचेतना न्यून हुनुका साथै यथोचित जनशक्ति परिचालन हुन नसक्दा नेपालमा यसको जोखिम कायमै छ । 'सरकारले आफ्नो तर्फबाट काम गर्दै विभिन्न कार्यक्रम सञ्चालन गरिरहे पनि ती काम र कार्यक्रमको प्रभावकारिता खासै देखिएको छैन' पोखरेल भन्छन्, 'सरकारले ल्याएका कार्यक्रम जनशक्ति अभावकै कारण गम्भीरताका साथ सञ्चालन हुनसकेको छैन ।' सरकारले ल्याएका कार्यक्रम आकर्षक भए पनि त्यसको प्रभावकारिताबारे अनुगमन हुन नसकेको उनको बुझाइ छ । उनी भन्छन्, 'कार्यक्रमलाई प्रभावकारी रूपले अघि बढाउन र व्यवस्थित तरिकाले सञ्चालन पनि गर्न सकिएको छैन ।' ठोस रणनीतिको अभावमा सरकारले ल्याउने कार्यक्रम र बजेटको तालमेल नमिल्दा कार्यक्रम प्रभावकारी बन्न नसकेको विज्ञ पोखरेलको निष्कर्ष छ । 'सरकारले सञ्चालन गर्ने कार्यक्रममा समुदायको सक्रिय सहभागिताको अभाव हुँदा समुदायलाई परिचालन गर्न सकिएको छैन' उनी भन्छन्, 'यसबाट उपेक्षित रोगले आफ्नो स्थान बढाउने अवसर पाएको छ ।'

यथोचित समन्वयको अभावमा तीन तहको सरकार हुँदा पनि देशबाट उपेक्षित रोग निवारण गर्न नसकिएको पोखरेलको भनाइ छ । 'यसका लागि निर्धारण गरिएको मापदण्ड पूरा भए/नभएको बारे जान्न सूचना निर्धारण गर्दै निरन्तर अनुगमन गर्नुपर्छ', उनी भन्छन् । हुन त सरकारले उपेक्षित भनिएका हात्तीपाइले, कुष्ठरोग जस्ता रोगलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गरेको छ । यसअन्तर्गत बिरामीलाई नियमित औषधि सेवन गराउनेदेखि निःशुल्क उपचारसम्मका कार्यक्रम समावेश छन् । तर, यस्ता कार्यक्रममा समुदायको सक्रिय सहभागिताको अभावमा लामो समयसम्म रोग लुकाएर बस्ने र बिरामीले औषधि सेवन नगरिदिने समस्या अत्यधिक छ ।

नेपालमा उपेक्षित रोगलाई ध्यानमा राखी सरकारले बेला–बेलामा विभिन्न अध्ययन अनुसन्धान पनि गर्ने गर्छ । तर, अध्ययनले दिएको सुझाव र निष्कर्ष अनुसार सरकारले काम नगरेको पोखरेलको भनाइ छ । यता, सरकारको दावी भने उपेक्षित रोग निवारण कार्यक्रम सरकारको प्राथमिकतामा छ र यसका लागि पर्याप्त कार्यक्रम सञ्चालित छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रमुख डा.समिरकुमार अधिकारीले उपेक्षित रोगहरूको निवारणका लागि सरकारले इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा छुट्टै शाखा नै कायम गरेर काम गरिरहेको बताउँछन् । आफ्ना नागरिकलाई स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित गर्नु सरकारको आधारभूत दायित्व हो । हाम्रो संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । अपेक्षित रोगहरू निवारणका लागि पनि नागरिकको सहयोग लिँदै सरकारले नै विशेष पहलकदमी लिनुपर्छ किनकि नबुझ्ने नागरिकलाई बुझाउनु र उनीहरूको जीवन रक्षा गर्नु सरकारको दायित्व हो । डा. अधिकारीका अनुसार विश्व स्वास्थ्य सङ्गठनले उपेक्षित रोगको रूपमा वर्गीकरण गरेको डेंगु, कालाज्वर, हात्तीपाइलेलगायतका रोगहरूलाई प्राथमिकीकरण गरेर कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस्ता रोगको निवारण र उन्मूलनका लागि तीन तहकै सरकारसँग समन्वय गरेर काम भइरहेको उनी बताउँछन् । कुष्ठरोग उन्मूलनका लागि सरकारले घरघरमा गएर बिरामी पत्ता लगाउने अभियान चलाएको छ भने हात्तीपाइले रोग निवारणका लागि औषधि खुवाउँदै आएको छ । डा. अधिकारीका अनुसार डेंगु संक्रमण फैलिन नदिन 'खोज र नष्ट गर' लगायत अभियान पनि बेलाबेलामा सञ्चालन हुँदै आएको छ । सरकारले ल्याउने कार्यक्रम राम्रा भए पनि सर्वसाधारणले नमान्दा रोगको जोखिम कायमै रहेको उनको बुझाइ छ । 'यसमा सरकारसँगै सर्वसाधारणले पनि आफ्नो तहबाट सतर्कता अपनाउनुपर्छ' डा. अधिकारी भन्छन्, 'जसरी कोरोना महाव्याधिमा सबै जनाले जनस्वास्थ्यका मापदण्ड पालना गरेर सहयोग गरे त्यसरी नै यस्ता रोगको उन्मूलनका लागि सबैले हातेमालो गर्न आवश्यक छ ।' आफ्ना नागरिकलाई स्वास्थ्य सेवाको सहज पहुँच सुनिश्चित गर्नु सरकारको आधारभूत दायित्व हो । हाम्रो संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । अपेक्षित रोगहरू निवारणका लागि पनि नागरिकको सहयोग लिँदै सरकारले नै विशेष पहलकदमी लिनुपर्छ किनकि नबुझ्ने नागरिकलाई बुझाउनु र उनीहरूको जीवन रक्षा गर्नु सरकारको दायित्व हो ।

(साभार–अनलाइनखबर)

# जुम्लामा करिब ५० करोडको स्याउ उत्पादन

जुम्ला, १२ भदौ ।

स्याउ सुपरजोन भनेर चिनिएको जुम्लाले यस वर्ष ठूलो परिमाणमा स्याउ उत्पादन गरेको छ । कृषि विकास कार्यालय जुम्लाका अनुसार जुम्लाका आठै स्थानीय तहले राम्रो स्याउ फलाएका छन् । धेरै किसानले स्याउ टिपेर पनि बिक्री राम्रै आम्दानी लगिसकेका छन् । स्याउ व्यापारीको हतारोका कारण केही कृषकले स्याउ गुलियो, पोटिलो र परिपक्व नहुँदै टिपेर बिक्री गर्दा त्यसको परिमाणमा कमी आएको छ । यद्यपि गएका वर्षभन्दा यस वर्ष स्याउ उत्पादनमा राम्रो वृद्धि भएको कृषि विकास कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख गणेशबहादुर अधिकारीले जानकारी दिए । निमित्त कार्यालय प्रमुख अधिकारीका अनुसार चार हजार एक सय २० हेक्टर क्षेत्रफलमा स्याउखेती हुँदा २९ हेक्टर क्षेत्रफलमा १८ हजार मेट्रिक टन स्याउ स्याउ फलेको अनुमान गरिएको छ । 'त्यसमा ५० प्रतिशत परिमाण घटाउँदा नौ हजार मेट्रिकटन स्याउप्रति केजी रु ५५ का दरले बाहिर निर्यात हुँदा जुम्लालाई करिब रु ५० करोड आम्दानी हुन्छ', उनले भने, 'तत्कालै शीत भण्डारको व्यवस्था नहुँदा अझै किसानले बढी लाभ लिन नपाउने अवस्था यथावतै छ ।' स्याउ निर्यातको तथ्याक्त राख्न कालीकोट र जुम्लाको सीमामा रहेको

*(बाँकी अन्तिम पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



# काठमाडौंका हरेक वडामा डाक्टर र इन्जिनियर, नगर प्रहरीलाई दैनिक ५०० भत्ता



काठमाण्डौ, १२ भदौ । काठमाडौं महानगरपालिकाले ३२ वटै वडामा एक–एक जना इन्जिनियर, एमडीजीपी डाक्टर र नर्स राख्ने भएको छ । आइतबार बसेको आठौं कार्यपालिका वैठकले ३२ वटै वडामा एक एक जना इन्जिनियर, एमडीजीपी र नर्स करारमा राख्ने प्रस्ताव पारित गरेको छ । हरेक वडामा वडा क्लिनिक सञ्चालन गर्ने र त्यहाँ रोगको पहिचान गर्न सक्ने जनरल प्राक्टिसमा एमडी गरेका डाक्टर राख्ने मेयर बालेन साहले बताए । वडा क्लिनिकमा चिकित्सकलाई सहयोग गर्न एक जना नर्स रहने उनले बताए । जनरल फिजिसियन डाक्टर राखेमा स्वास्थ्यसम्बन्धी सरसल्लाह दिन र कुनै समस्याको तत्काल उपचार गर्न सक्ने उनको भनाइ छ। त्यस्तै हरेक वडामा हुने विकास निर्माणको अनुगमनका लागि इन्जिनियर पनि करारमा राख्ने भएको छ । यस वर्ष वडामा बजेट वृद्धि गरिएको र त्यहाँ हुने विकास निर्माणको काम अनुगमन गर्न इन्जिनियर चाहिने मेयर बालेनले बताए । उनको प्रस्तावलाई नगर कार्यपालिका बैठकले अनुमोदन गरेको छ । यस्तै फुटपाथ व्यवस्थापनमा खटिएका नगर प्रहरीलाई दैनिक ५ सय रुपैयाँ भत्ता दिने पनि महानगरको कार्यपालिका बैठकले निर्णय गरेको छ ।

५ जना कानुनी सल्लाहकार

काठमाडौं महानगरपालिकाले ५ जना कानुनी सल्लाहकार राखेको छ। मेयर बालेनले डिना श्रेष्ठ, शंकर पुडासैनी, ओमप्रकाश अर्याल, महेश नेपाल र कुमारी खरेललाई कानुनी सल्लाहकारमा प्रस्ताव गरेका थिए । महानगरका प्रवक्ता नविन मानन्धरले मेयर, उपमेयर र वडाध्यक्षको छलफलबाट कानुनी सल्लाहकारको नाम छनोट गरिएको जानकारी दिए । यसअघि महानगरले ४ जना कानुनी सल्लाहकार राखेको थियो । महनगरपालिकाले फुड टेक्नोलिजीमा स्नातकोत्तर गरेको ४ देखि ५ जना कर्मचारी करारमा राख्ने भएको छ। मेयर बालेनले मासु पसल, खाद्य पसलहरुमा अनुगमन गर्न खाद्य निरीक्षक (फुड इन्सपेक्टर) राख्ने प्रस्ताव गरेका थिए । बैठकले टेकुको फोहोर उठाउन १५ वटा टिपर भाडामा लिने निर्णय गरेको छ । काठमाडौं महानगरपालिकाले बोन म्यारो भएको एक बालकलाई एक लाख रुपैयाँ उपचार खर्च दिने, बञ्चरेडाँडामा भएको प्रदर्शनमा घाइते स्थानीय कमल तामाङको उपचार खर्च व्यहोर्ने निर्णय पनि गरेको छ ।

महानगरपालिकाले सबै वडामा लिफ्ट जडान गर्ने प्रस्ताव पनि कार्यपालिका बैठकले पारित गरेको छ । यस्तै काठमाडौं महानगरपालिकाले 'घ' वर्गको निर्माण व्यवसायीको अनुमति पत्र दिने अधिकार उपमेयरलाई दिने निर्णय गरेको छ । निर्माण कार्यको लागि सहज गराउन अधिकार उपप्रमुखलाई प्रत्यायोजन गरेको बताए मेयर बालेनले बताए । काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले नक्सा अनुसार भवनको प्रयोजन नभएमा कारबाही गरिरहेको विषयलाई कार्यपालिका सदस्यहरुले साथ दिएको बताएका छन्। (साभार–अनलाइनखबर)

# अनेरास्ववियुले तोड्यो त्रिविको ताला, नेविसंघले फेरि लगायो

काठमाण्डौ, १२ भदौ । त्रिभुवन विश्वविद्यालयमा ४९ दिनदेखि लागेको तालाबन्दी खोल्ने वित्तिकै नेपाल विद्यार्थी संघले फेरि ताला लगाएको छ । आइतबार विश्वविद्यालयका उपकुलपति धर्मकान्त बाँस्कोटाले पत्रकार सम्मेलन गर्न खोज्दा नेपाल विद्यार्थी संघको एक समूहले अवरोध गरेको थियो । त्यसको काउन्टरमा नेकपा एमालेको विद्यार्थी संगठन अनेरास्ववियुले नारावाजी गर्‍यो । प्रहरी सुरक्षाका बीच बाँस्कोटाले पत्रकार सम्मेलन गरे, त्यसपछि विभिन्न कार्यालयमा लगाइएको तालाबन्दी पनि खुलेको थियो । त्रिवि अनेरास्ववियुका अध्यक्ष शम्भु भट्टका अनुसार सुरक्षाकर्मी र स्थानीयको रोहबरमा तालाबन्दी खोलिएको थियो । तर नेविसंघले आफूहरुको सहमतिबिना ताला खोलिएको भन्दै फेरि तालाबन्दी गरेको छ ।




नेविसंघका नेता श्याम ओभाले आफूहरुको मञ्जुरीविना तालाबन्दी खोल्नु अनेरास्ववियु र त्रिवि प्रशासनको ठूलो भुल भएको बताए । 'यसविरुद्ध कडा कदम चाल्छौं' उनले भने । परीक्षाको प्रश्न पत्रमा लापरबाही गरेको भन्दै नेविसंघले २७ असारदेखि त्रिविका विभिन्न कार्यालयमा तालाबन्दी गरेको थियो । उपकुलपति धर्मकान्त बाँस्कोटाले पत्रकार सम्मेलनमा विश्वविद्यालयमा बसेर काम गर्ने वातावरण नरहेको बताए । 'विभिन्न समूहले गरेको तालाबन्दी जोड्दा विश्वविद्यालयमा ३ सय दिनभन्दा बढी तालाबन्दी भइसक्यो' उनले भने, 'विश्वविद्यालयमा विभिन्न समूहबाट चन्दा, आर्थिक सहयोगको नाममा रकम मागेर हैरान बनाएको गुनासो प्राप्त भइरहेको छ, विभिन्न निकायमा शिक्षक, कर्मचारी कुटिएका छन् ।' यस्तो अवस्थामा शिक्षक कर्मचारीमा एक किसिमको त्रास रहेको बताउँदै बाँस्कोटाले काम गर्ने वातावरण नभएको जनाएका हुन् । 'यस्तो परिस्थितिमा स्वतः विश्वविद्यालयले सम्पादन गर्नुपर्ने कार्यहरु समयमा नसकी विद्यार्थीमा नकारात्मक प्रभाव परेको छ' बाँस्कोटाले भने, 'जसले विद्यार्थीहरु विदेशिने क्रम बढिरहेको छ।' बाँस्कोटाले विश्वविद्यालयमा नेविसंघको एउटा समूह निरन्तर तालबन्दी, धम्की र तोडफोडमा संलग्न रहेका बताए । नेविसंघका कार्यकर्ताहरुले शुक्रबार जमलस्थित एक होटलमा बसेको त्रिवि कार्यकारी परिषद्को बैठकमा पनि जबरजस्ती प्रवेश गरेर कागजातहरु खोसेर लगेका थिए। बेलुकी साढे ४ बजे नेविसंघमा आबद्ध विद्यार्थी हौं भन्दै गएका उनीहरुले उपस्थित पदाधिकारीलाई दुर्व्यवहार गरेको विश्वविद्यालयले जनाएको छ । (साभार–अनलाइनखबर)

## जुम्लामा...............

नाम्म प्रहरीलाई तथ्याक्त सक्तलनको जिम्मा दिइएको उनले बताए । त्यस्तै जुम्ला विमानस्थलबाट बाहिरिने स्याउको तथ्याक्त सक्तलन गर्न विमानस्थल प्रहरीलाई जिम्मा दिइएको छ । खास स्याउ कति परिमाणमा बाहिरियो भन्ने पूर्ण तथ्याक्त आउन भने केही समय लाग्ने देखिन्छ ।

जुम्लामा अहिले ग्रेड सी लेभलको स्याउप्रति केजी रु४० र ए ग्रेडको स्याउ प्रतिकेजी रु ६० भन्दामाथि बिक्री भइरहेको छ । कार्यालय प्रमुख अधिकारीका अनुसार सहजकर्ता, थोक बिक्रेता हुँदै खुद्रा व्यापारी भएर स्याउ बजारमा जानुपर्नेमा स्याउ कृषक स्वयं व्यापारी बन्दा उनीहरुले अपेक्षाकृत मूल्य पाउनेभन्दा दुःख बढी व्यहोरेका छन् । स्याउ भने दैनिक जुम्ला बाहिर गइरहेको छ । (साभार–अनलाइनखबर)

# नेपालको प्रतिवर्ष विद्युत खपत बढ्यो

काठमाण्डौ, १२ भदौ । नेपालको प्रति वर्ष विद्युत खपत दरमा वृद्धि आएको छ । ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयका अनुसार नेपालको वार्षिक औसत विद्युत खपत दर वृद्धि भएको हो । अघिल्लो वर्ष नेपालको प्रति वर्ष विद्युत खपत ३२५ युनिट प्रतिव्यक्ति थियो। जुन, गत आर्थिक वर्ष २०७८/७९ को अवधिमा प्रतिव्यक्ति २६ युनिटले बढेर ३५१ युनिट पुगेको हो । मन्त्रालयका अनुसार विगत पाँच वर्षको विद्युतको वार्षिक औसत खपत दर १८ प्रतिशतको दरले वृद्धि भएको छ । यस्तै, हाल देशको करिब ९५ प्रतिशत जनतामा विद्युत पहुँच पुगेको छ। 'स्वदेशी विद्युत जोडौं, विदेशी ग्यास छोडौं' भन्ने अभियानबाट विद्युत खपतमा वृद्धि भएको ऊर्जा मन्त्री पम्फा भुसालको भनाइ छ।

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

सि.टि.ई.भि.टी. र सिम्रौनगढ नगरपालिकाका साझेदारी कार्यक्रम

सिम्रौनगढ बहुप्राविधिक शिक्षालय

सि.न.पा.–८ कचोर्वा बारा

शैक्षिक सत्र २०७९/०८० का लागि ३ वर्षे डिप्लोमा ईन पशु बिज्ञान(भेटेनरी) र कृषि बालि बिज्ञान (कृषि) मा भर्ना खुल्यो ।

नोटः
फारम पाउने ठाउँ – सिम्रौनगढ नगरपालिका भोजेन्द्र सर ९८५११५५१६५
फारम बुझाउने अन्तिम मिति: २०७९ साउन २६ गते सम्म
प्रवेश परिक्षा हुने मिति: २०७९ भदौ ६ गते
प्रवेश परिक्षा हुने स्थान र समय: सम्बन्धित शिक्षालयमा बिहान ८ बजे

पेश गर्नुपर्ने कागजातहरु:–
- SLC/SEE को मार्कसिट
- School Leaving सर्टिफिकेट
- नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणपत्र
- पासपोर्ट साईजको ३ प्रति रंगीन फोटो

प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिंक हिंसा मुक्त गरौं ।
☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई–सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर–आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
☐ जथाभाबि फोहर नफालौ र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौ ।
☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिंक हिंसा मुक्त गरौं ।
☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ–आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा